ग्रामीण पत्रकारिताको प्रयास

# जनता टाइम्स साप्ताहिक

JANATA TIMES WEEKLY



पृष्ठ ४ मा

झापा विदोहदेखि पार्टी अध्यक्षसम्म

❑ वर्ष-९ ❑ अङ्क-३८, २०७४ फागुन ५ गते, शनिबार (Feb.17, 2018 Saturday) www.janatimes.com मुल्य रु. ५/- पृष्ठ संख्या ६

# ओली दोस्रो पटक प्रधानमन्त्रि



फत्तेपुर / नेपालको संविधानबमोजिम सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनपछिको पहिलो प्रधानमन्त्रीका रुपमा नियुक्त नेकपा (एमाले)का अध्यक्ष खड्गप्रसाद शर्मा ओली मुलुकमा दोस्रो पटक प्रधानमन्त्री बनेका छन् ।

समृद्धि र स्थिरताको नारासहित निर्वाचनमा बहुमत हासिल गरेको वाम गठबन्धनको समर्थनमा नियुक्त प्रधानमन्त्री ओली झापा विद्रोह हुँदै लामो समय जेलनेलसमेत खेपेका आफ्नो अडानमा दृढ नेता मानिन्छन् । नयाँ संविधान निर्माणमा भूमिका निर्वाह गर्दै संविधान जारीपछि पहिलो

बाँकी ४ पृष्ठमा

## पण्डित र थापा मन्त्रीमा नियुक्त

काठमाडौँ / प्रधानमन्त्री केपी शर्मा ओलीले प्रतिनिधिसभाका सदस्य लालबाबु पण्डित(मोरङ) लाई जनसङ्ख्या तथा वातावरण र थममाया थापा(म्याग्दी)लाई महिला, बालबालिका र समाजकल्याणमन्त्रीमा बुधबार नियुक्त गरेका छन् ।

राष्ट्रपति विद्यादेवी भण्डारीले राष्ट्रपति कार्यालय, शीतल निवासमा आयोजित समारोहमा नेकपा( एमाले)बाट प्रतिनिधिसभामा क्रमशः प्रत्यक्ष र समानुपातिकबाट निर्वाचित

बाँकी अन्तिम पृष्ठमा

# प्रदेश नं २ मन्त्रिपरिषद्को पहिलो निर्णय: शहीदका परिवारलाई रोजगारी

फत्तेपुर / प्रदेश नं. २ को पहिलो मन्त्रिपरिषद् बैठकले मधेस आन्दोलनका शहीदका परिवारका एक सदस्यलाई रोजगारी दिने निर्णय गरेको छ ।

मुख्यमन्त्री र मन्त्रीहरूको सपथलगत्तै बसेको मन्त्रिपरिषदको पहिलो बैठकले मधेस आन्दोलनका शहीद परिवारका एक सदस्यलाई रोजगारी दिने निर्णय गरेको हो । परिवार भन्नाले आमाबाबु, छोराछोरी र श्रीमती पर्नेछ । रोजगारी दिँदा पहिलो प्राथमिकता श्रीमतीलाई दिइनेछ ।

त्यस्तै बैठकले बन्द अवस्थामा रहेका सरकारी, अर्ध सरकारी उद्योगहरू पुनःसञ्चालनका लागि पहल गर्ने र प्रदेशमा विकास योजना अघि बढाउन आन्तरिक तथा वैदेशिक सहयोग प्राप्त गर्न केन्द्र सरकारसँग समन्वय गर्ने निर्णय गरेको छ ।

यसैगरी प्रदेश सरकारको प्रवक्तामा आर्थिक मामिला तथा योजना मन्त्री विजय यादवलाई चयन गरेको छ ।

यसअघि सपथ ग्रहण लिइसकेपछि आयोजित समारोहलाई सम्बोधन गर्दै मुख्यमन्त्री लालवाबु राउत गद्दीले प्रदेशको विकासका लागि सुशासन, शिक्षा, स्वास्थ्य, सडक, सिँचाइ गरी पाँच 'स' लाई विशेष प्राथमिकतामा राख्ने घोषणा गरे ।

# प्रदेश २ को एमाले संसदीय दलको नेतामा मण्डल निर्वाचित

धनुषा / प्रदेश नम्बर २ को लागि नेकपा (एमाले)को संसदीय दलको नेतामा सत्यनारायण मण्डल निर्वाचित भएका छन् ।



प्रदेश २ मा एमालेको संसदीय दलको नेताको लागि विहीबार भएको मतदानमा मण्डल निर्वाचित भएका हुन । दलको नेताको लागि दाबी गर्दै आएका मण्डल र शत्रुधन महतोबीच सर्वसहमति हुन नसके पछि मतदानमार्फत संसदीय दलको नेता चयन गरिएको थियो ।

मतदानमा मण्डलले १२ मत प्राप्त गरी विजयी भए भने महतोले आठ मत प्राप्त गरेका थिए । मतदानमा एक मत बदर भएको थियो । प्रदेश २ मा एमालेको २१ प्रदेश सांसद रहेका छन् । जित पछि नेता मण्डलेले आन्तरिक प्रतिस्पर्धा भएकाले आफुले यसलाई हार र जितको रुपमा नलिएको बताए ।






**पण्डित ....**

उनीहरूलाई पद तथा गोपनीयताको शपथ गराए। मन्त्री पण्डित यसअघि सामान्य प्रशासनमन्त्री र थापा एमाले संसदीय दलका सचेतक थिए। पूर्वप्रधानमन्त्री, विभिन्न दलका नेता, संवैधानिक निकायका प्रमुख, सुरक्षा निकायका प्रमुख, उच्चपदस्थ कर्मचारी, नेपालस्थित कूटनीतिक निकायका प्रमुख एवं प्रतिनिधिलगायत सहभागी थिए।

## हनुमाननगरमा निःशुल्क पशु स्वास्थ्य शिविर

सप्तरी / बाढी प्रभावित क्षेत्र सप्तरीको हनुमानगर कंकालनी नगरपालिकाको हनुमाननगरमा बिहीबार निःशुल्क पशु स्वास्थ्य शिविर सम्पन्न भएको छ।

अक्स्फाम नेपाल र कोशी पीडित समाजको साझेदारीमा सञ्चालित अर्ली फलड रिकोभरी प्रोजेक्टअन्तर्गत बाढीबाट प्रभावित पशुको स्वास्थ्य उपचार र सरसल्लाह दिने उद्दश्यले निःशुल्क पशु स्वास्थ्य शिविर सञ्चालन गरेको कोशी पीडित समाजका सुरेन्द्र यादवले बताए।

जिल्ला पशु स्वास्थ्य कार्यालय र पशु सेवा केन्द्र हनुमाननगरको समन्वयमा सञ्चालन गरिएको उक्त शिविरमा हनुमाननगरका ६५ घरधुरीका चौपायामा नाम्ले, छरौटी, छालासम्बन्धी रोग, घाउ, कफ र ज्वरो रोग लागेका चौपाया (बाख्रा, गाई, गोरु), हाँस र कुखुरालाई निःशुल्क स्वास्थ्य उपचार तथा औषधि वितरण गरिएको उनले जानकारी दिए।

शिविरमा जिल्ला पशु विकास कार्यालयका प्रमेश्वर यादव र पशु सेवा केन्द्र हनुमाननगरका प्र.स. रामकुमार यादवसहित दुईजना नायब प्राविधिक सहायकले १४९ बाख्रा, गाई, गोरु, बाख्रा ४९, भैंसी-पाडो ३४ समेत गरी २१२ पशु चौपायाको स्वास्थ्य परीक्षण तथा उपचारसमेत गरेको बताइएको छ।


# सूचना

फागुन देखि वैशाखसम्मको अवधि हावाहुरी वढी आउने समय हो। आगो वाल्दा सुरक्षित ठाउमा मात्र वाल्ने, सलाई, लाइटर, मट्टितेल आदि ज्वलनशिल वस्तु केटाकेटीले भेट्ने ठाउमा नराख्ने। केटाकेटीलाई जथाभावी आगो वाल्दा हुन सक्ने आगलागीका दुर्घटनाहरुबारे सम्झाई बुझाई गर्ने र यस्ता कुराहरुवाट सजग रहन जनचेतना वढाउने कार्यमा सहयोग गरौं।

नेपाल सरकार
सूचना तथा संचार मन्त्रालय
सूचना विभाग



## २४सै घण्टा तपाईहरुको सेवामा

**हाम्रा सेवाहरु:**

छाला, यौन, पाईल्स, फिस्टुला, फिसर, मानसिक तथा परिवार स्वास्थ्य, जेनेरल, मेडिसियन, बालरोग, नाक, कान, घाटी, जेनेरल सर्जरी, स्त्रीरोग,लागु पदार्थ, दुर्व्यसनी, परामर्श

डा. सुवोधकुमार पोखरेल(सेक्सोलोजिष्ट तथा यौन
डा.अनिता बर्मा, जनरल फिजिसियन
डा. सत्यम घिमिरे (छाला तथा यौन रोग सम्बन्धि) –प्रत्येक महिनाको
डा. राजिव घिमिरे(पाईल्स, फिस्टुला रोग सम्बन्धि) –प्रत्येक महिनाको ४ गते
डा. विनोद मिश्र(बरिष्ठ छाला तथा यौन रोग विशेषज्ञ)प्रत्येक महिनाको २६
डा. नन्दकिशोर कुशवाह(सेक्सोलोजिष्ट तथा यौन रोग विशेषज्ञ)
डा. बद्रीप्रसाद भट्टराई . डा. समन

**स्पोर्ट सेवाहरु:**

इमेर्जेन्सी, ल्याव, अक्सीजन, फर्मेसी, एक्सरे, अल्ट्रा साउण्ड अब्जरभेसन तथा २४ सै घण्टा एम्बुलेन्स सेवा र साथै टेलिमेडिसिनद्वारा विशेषज्ञ डाक्टरबाट उपचार

एम्बुलेन्स
सम्पर्क: ९८४२४०४८०४,

*नोट: प्रत्येक दिन ओपिडी सेवामा डा.अनिता बर्मा(जनरल फिजिसियन)जनरल विमारीको जाच गरिन्छ र २४ सै घण्टा*

### ॐ साई माता मनकामना आरोग्य सेन्टर प्रा.लि.



सप्तकोशी नगरपालिका फत्तेपुर, नयाँ बजार, ०३१-५५०११२, ८०८०८०२८९, ९८०७७७१७००



## दक्ष तथा अनुभवी चिकित्सकहरुबाट स्वास्थ्य सेवा फत्तेपुरमा

**हाम्रा सेवाहरु:**

यहाँ हरेक किसिमका बिरामीहरुको उपचार गर्नुकासाथै ल्याब टेष्ट, एक्स-रे, ओ. पि. डी., निवुलाईजर, फार्मेसी, गर्भवती महिला जाँच, प्रसुत्ती सेवा तथा एम्बुलेन्स सेवा चौबिस्सै घण्टा उपलब्ध छ।

**बिशेषज्ञ डाक्टर**

डा. संदीप शर्मा, हाड–जोर्नी, नशा तथा बाथ रोग बिशेषज्ञ
डा. दिलीप चौधरी, छाला–यौन तथा कुष्ट रोग
डा. बरुण देव, नाक–कान तथा घाटी रोग बिशेषज्ञ




### जनसेवा पोलिक्लिनिक प्रा.लि

सप्तकोशी नपा–१,पारुहाङ्गचौक,फत्तेपुर, फोन नं ०३१-५५००५०



## जुन सुकै पत्रिकामा विज्ञापन गर्नु परे

नेपालका राष्ट्रिय तथा स्थानीय पत्रिकाहरुमा सूचना विज्ञापन छपाउन परे हामीलाई सम्झनु होला।




**अमर एडभरटाईजिङ धरान**

९८५२०४९३२५, ९८५२०४७७७९


**प्रमुख सल्लाहकार:** डा.महेन्द्र विष्ट, **सल्लाहकार:** प्रकास खतिवडा, **सम्पादक/ प्रकाशक** देवेन्द्र कार्की(९८४२१२५२७९), **प्रधान सम्पादक** विश्वराम कार्की, **प्रवन्ध सम्पादक** खगेन्द्र कार्की (९८४२०९२१०७), **समाचार सम्पादक** शिवप्रसाद आचार्य, ले-आउट निश्छल कार्की, काठमाण्डौ प्रतिनिधि: मिलन केसी, सुनसरी प्रतिनिधि: कृष्ण कार्की, बेलटार प्रतिनिधि: शंकर केशी, रामपुर प्रतिनिधि: सरद कोईराला, कञ्चनपुर प्रतिनिधि: राजकुमार पासवान **कार्यालय ठेगाना: सप्तकोशी नगरपालिका फत्तेपुर-१, सप्तरी, ६८०७७५३२०२, धरान सम्पर्क: ६८०३८१६७२१** Email:janatatimesweekly@gmail .com,publicnews8@gmail .com, Web site: www .janatimes .com, **मुद्रण:** लक्ष्मी अफसेट प्रेस, गाईघाट, उदयपुर

जनता टाइम्स
JANATA TIMES WEEKLY
साप्ताहिक

## सम्पादकीय......................

### प्रदेश २ को सरकारको निर्णय सकारात्मक

प्रदेश नं. २ को पहिलो मन्त्रिपरिषद् बैठकले मधेस आन्दोलनका शहीदका परिवारका एक सदस्यलाई रोजगारी दिने निर्णयले शहिद परिवारलाई उत्साहीत बनाएको छ । मधेश आन्दोलनका बेला बलिदानीमा परेका शहीदका परिवारले बल्ल मधेशमा पनि राज्य छ भन्ने आभास भएको छ ।

मुख्यमन्त्री र मन्त्रीहरूको सपथलगत्तै बसेको मन्त्रिपरिषदको पहिलो बैठकले मधेस आन्दोलनका शहीद परिवारका एक सदस्यलाई रोजगारी दिने निर्णय सकरात्मक छ । शहीद परिवारका आमाबाबु, छोराछोरी र श्रीमती जो कोहीलाई राजगारी दिन सके उनीहरुको परिवार धान्न सजिलो हुने छ ।

तीन वटै निर्वाचन सम्पन्न भए पछि केन्द्र तथा ७ वटै प्रदेशमा नयाँ सरकार बनि सकेको छ । संघीय सरकारको गठन पछि जनताले घर आँगनमा राज्यको सुविधा पाउनेमा जनता आशाबादी छन् । प्रदेश सरकारले जनताको आशालाई निराशामा बद्ल्नु हुदैन् ।

सरकारले घोषणा गरे मात्र हुदैन । घोषणा कार्यन्वयन महत्वपूर्ण कुरा हो । शहीद परिवारलाई रोजगारीको घोषणा प्रदेश नं. २ को सरकारको पहिलो घोषणा हो । त्यसलाई सफल कार्यन्वयन गर्नु पर्दछ । सरकारले त्यो गर्न सकेन भने 'पहिलो गाँसमै ढुङ्गा' सावित हुने छ ।

### ☎ जरुरी टेलिफोन ☎

⇩सप्तरी

| | |
|---|---|
| जिल्ला प्रसासन कार्यालय, सप्तरी | ०३१-५२०६२४ |
| क्षेत्रीय प्रहरी कार्यालय, | ५२००४५, |
| जिल्ला प्रहरी कार्यालय, | ५२००५५ |
| प्रहरी चौकी, फत्तेपुर, | ५५०१०० |
| सशस्त्र प्रहरी बल वेस क्याम्प फत्तेपुर, | ९७४३०२३०२१ |
| नेपाल रेडक्रस सोसाईटी, | ५२०२५८ |
| जिल्ला जनस्वास्थ्य कार्यालय, | ५२१६०६ |
| प्राथमिक स्वास्थ्य उपचार केन्द्र, कञ्चनपुर, | ५६०००५ |
| उपस्वास्थ्य चौकी, सप्तकोशी नपा, | ५५०१६९ |
| एम्बुलेन्स सेवा, सप्तकोशी नपा | ५५०१६९ |
| सप्तकोशी नगरपालिका, फत्तेपुर, | ५५००१९ |
| ॐ साई माता मनकामना आरोग्य सेन्टर, फत्तेपुर, | ५५०११२ |
| टेलिकम शाखा फत्तेपुर, | ५५००६६ |

# संघीय शासनसँग जनअपेक्षा

❒ रमेश भट्टराई

**संघीयता के हो ?**

एउटा राज्यमा दुई वा दुईभन्दा बढी तहका सरकार रहने शासन व्यवस्थालाई सङ्घीय शासन प्रणाली भन्ने गरिन्छ। संसारका केही मुलुकमा संघीय प्रणाली छ। एकात्मक प्रणालीमा सामान्यतः शासन शक्ति एकीकृत र केन्द्रित हुन्छ भने संघीय व्यवस्थामा शासनमा जनसाधारणको पहुँच बढी हुन्छ र तिनको आवाजको सम्बोधन सहज हुन्छ। अल्पसङ्ख्यक रणनीतिगत ज्ञानलाई संयोजन गर्नु आवश्यक छ। भाषा, संस्कृति, इतिहास, जाति, सम्प्रदायको समान सहभागितामा एकात्मक शासनमा उपेक्षित भएकाले संघीय शासनले सम्बोधन गर्ला भन्ने आशा र अपेक्षा जनतामा छ।

आजको विश्वव्यापीकरण र उत्तरआधुनिक युगमा शान्ति, समृद्धि र एकताको शङ्खघोष गर्दै नेपालको संघीय प्रणालीले नयाँ आयामको बिगुल घन्काएर विश्वमा नमुनाका रूपमा आफूलाई उभ्याओस्। समृद्ध मुलुकहरूले यही व्यवस्थामा आर्थिक, पाइलो बढाउँछ, सुशासनमा मानिसको इज्जत हुन्छ। तब सुशासन कायम गर्दै संविधानको दायराले सबै वर्गलाई बाँध्छ। यसर्थ मानवले मानवको सम्मान गर्ने पद्धति बन्नु नै संघीय शासनको गुण हुनुपर्छ।

**अबको बाटो**

राष्ट्रको एकता, अखण्डता र सार्वभौमसत्ताको रक्षार्थ यो शासनले समग्र भूगोल, स्थानीय वेदनालाई सम्बोधन गर्नुपर्छ, विपन्नको संवेदनामा मलमपट्टि लगाउन जाग्नुपर्छ। अधिकारको बाँडफाँट गर्दै स्रोत र साधनको समान वितरण




वर्गको सम्मान हुन्छ। केन्द्रमा धाउनुपर्ने नभएपछि सत्ताका दलालको भूमिका कम हुन्छ। बहुजातीय, बहुभाषी, बहुधार्मिक, बहुसांस्कृतिक मुलुकमा संघीय पद्धति अझ बढी उपयुक्त हुने अपेक्षा गरिन्छ।

**संघीय शासनसँग जनताको आशा**

संघीयतामा सरकारले जनआवाज र राष्ट्रिय स्वार्थलाई आत्मसात गर्नसक्नुपर्छ। करप्रणाली जनभावना अनुकूल सहज र आवश्यक मापदण्डमा आधारित नभए मनपरीतन्त्र चल्न सक्छ। व्यवस्थापिका, कार्यपालिका, न्यायपालिका जनताका हातमा हुने हुनाले गरिब जनतालाई केन्द्रमा राखेर मानवीय दृष्टिकोणबाट शासन सञ्चालन हुने अपेक्षा गरिन्छ। केन्द्रीय शासनका जटिलतालाई सहज बनाउने मान्यता राखिने हुनाले यस्तो शासन सबल बन्छ।

अर्को पक्ष तीव्र गतिले बढेको परिवर्तनको सोच, चुलिएको व्यक्तिगत महत्वाकांक्षा, पारिवारिक, सामाजिक विखण्डनको अवस्था पीडादायी हुनपुगेको छ। छिटोछिटो भइरहेको राजनीतिक परिवर्तनले जनतालाई शासनसँग सामञ्जस्य कायम राख्न कठिन भइरहेको हुन्छ। यसर्थ हक अधिकारलाई ग्रामीण इलाकाबाट सञ्चालित गर्न समुचित व्यवस्थापन गर्ने प्रभावकारी तथा समावेशी वैज्ञानिक, सामाजिक समुन्नतिबाट देश र जनताको जीवनस्तरलाई उकास्न सफल भएका छन्। यसैले संघीय व्यवस्थाको आकर्षण दिन दुगुना रात चौगुना बढ्दो छ। नागरिकले मुख खोलेर, दिल खोलेर माटोको मायामा रम्न र जुट्न पाउने, साझा मान्यता बोकेर उठ्न पाउने नागरिक सहभागिताको आधार नै संघीय शासन व्यवस्थाको विशेषता हो। स्वायत्तताको अधिकारलाई तल्लो तहसम्म प्रत्यायोजन गर्न नसकेकै कारण एकात्मक शासन टिक्न नसकेको उदाहरण विश्वमा पाइन्छ।

आज विश्वका २८ मुलुकका करिब ४० प्रतिशत जनसङ्ख्याले संघीय शासनको बाटो रोजेका छन्। आज धेरै जसो एकात्मक शासन भएका मुलुकहरू संघीय प्रणालीतिर आकृष्ट भइरहेका छन्। शासन प्रणाली राष्ट्रपतीय वा संसदीय जस्तो भए पनि एकात्मक शासन ढल्दै गएको पाइन्छ। कर्मचारीतन्त्रको भ्रष्टाचारी प्रवृत्ति रोक्न, अमानवीय नातावाद, कृपावादको दाम्लो चुँडाएर न्यायिक सुशासनमा नागरिक हक र सम्मान प्रदान गर्ने प्रणालीको खाँचो छ। शासक वर्ग घरको मान्छे हुन्छ अनि शासित पनि उही वैधानिक संरचनामा अधिकार कर्तव्यलाई बोध गरिरहन्छ, हुकुमी शासन रहन्न, सेवक प्रणालीले प्रणालीबिना मुलुकले विकासको ढोका खोल्न सकिँदैन। लोकतन्त्र स्थापना भएसँगै जनता सजग र सचेत हुँदै छन्। अल्पसङ्ख्यक, पिछडिएका, दलित, मधेसीका मागमा समावेशी फूलबारीमा चन्द्र सूर्य अङ्कित झन्डा फहराउन सक्नुपर्छ। यसका लागि ग्रामीण स्तरबाट, ग्रामीण स्रोत र जनशक्तिलाई प्रयोग र परिचालन गर्न समे देशले काँचुली फेर्न सक्छ।

सिङ्गो मुलुकले आजसम्म भएका परिवर्तनमा कछुवा गतिको उपलब्धिमा चित्त बुझाउनु परेको विडम्बनालाई देशले सम्बोधन गर्न जान्नुपर्ने देखिन्छ। यान्त्रिकीकरण सपनामै छ, जलविद्युत विकास, पर्यटन व्यवसाय, सिचाइको विकासका सम्भावना उपेक्षित नै छ। व्यक्तिगत र राष्ट्रिय आयको वृद्धि गर्न बलवान् समयको परिवर्तित मागलाई स्वीकार गर्दै यस्ता अनेकौं सम्भावना खोतल्ने खुबी अबको संघीय शासनसँग हुनुपर्छ। नवीन अत्याधुनिक प्रयोगको प्रोत्साहन र एकताबद्ध मेलमिलापलाई सहजीकरण गराउने खुबी एकात्मक शासन प्रणालीमा रहन सकेन ! अतः यही शासनबाट मुलुकको सामाजिक, आर्थिक, राजनीतिक विकाससँगै शान्ति र समृद्धिलाई मूलधारमा स्थायित्व देला भन्ने आशा जागेको छ।

# मुटु बचाउन योग, ध्यान र मन्त्र

**श्याम रिमाल**

काठमाडौं / महामृत्युञ्जय योग केन्द्र, विजयचोक, माइती नेपाल, गौशालाले शुक्रबारदेखि तीनदिने 'स्वस्थ्य मुटुका लागि मुटु व्यवस्थापन कार्यशाला' शुरु गरेको छ।

कार्यशालामा केन्द्रका संस्थापक योगी पूर्ण पिया श्रेष्ठले व्यायाम, श्वासप्रश्वास, योग र मुटुबारे जानकारी दिँदै मुटुका लागि निःशुल्क विशेष योग प्रशिक्षण दिनुभएको छ। कार्यशालामा मुटुरोग रोकथामका लागि जानकारी तथा अभ्यास, प्राकृतिक उपचार विधिद्वारा दीर्घ एवं साधारण मुटुरोगको रोकथाम तथा उपचार, मुटुका लागि मालिस, विशेष प्रकारको चिया एवं सल्लाह तथा परामर्श दिइएको छ। योगी श्रेष्ठ ४८ वर्षदेखि निरन्तर योग, ध्यान, प्राणायाम तथा अध्यात्म साधनामा समर्पित हुनुहुन्छ।

शरीरसँग मन, मनसँग मस्तिष्क, मस्तिष्कसँग आत्मा र आत्मासँग परमात्मालाई जोड्ने कला सिकाएर शारीरिक, मानसिक एवं आध्यात्मिक रुपमा स्वस्थ्य, सुन्दर, शान्त र आनन्दित तुल्याउँछ। केन्द्रले योग तथा प्राकृतिक चिकित्सा अनुसन्धानशालाका रुपमा काम गरी योग प्रशिक्षण, ध्यान, आयुर्वेदिक मालिस, शिरोधारा, स्टिम र शिर मालिस सेवा पनि दिँदै आएको केन्द्रका व्यवस्थापक सुमित दाहालले जानकारी दिनुभयो।

स्वस्थ्य मुटुको व्यवस्थापनका लागि मुटुको स्वस्थता र यसको क्रियाशीलता तथा मुटुको समस्याको मापन गरी मुटुको शोधन, व्यायाम र खानपानलाई विशेष ध्यान दिनुपर्ने योगी श्रेष्ठले बताउनुभयो। मुटुको शोधनका लागि कपालभाती, जडिबुटी, नेती, कुन्जल, एनिमा, कटीस्नान आदि, व्यायामका लागि ॐ ध्वनिमन्त्रको प्रयोग, अनुलोम विलोम, प्राणायम, भस्त्रिका, सोहं श्वासको ध्यान, कीर्तनभजन आदि तथा खानपानका लागि चनाको सातु, मिश्री, अमला, पुरानो चामल, मुड, केरा, आँप, अनार, हर्रो, दाख, मोही, हिङ, करेला, मेथी, लौका, ज्वानो, सुन्तला, मह, कागती, लसुनप्याज आदि सेवन गर्न सिफारिस गरिएको छ।




"हामी आफैंले सिर्जना गरेको आध्यात्मिक, आधिभौतिक र आधिदैविक दुःख अथवा त्रयताप निवारणका लागि ॐध्वनिको प्रयोग र शान्ति प्रार्थना गर्नुपर्छ," योगी श्रेष्ठले भन्नुभयो, "योग सर्वप्रथम शिवले पार्वतीलाई सिकाउनुभएको थियो, योग आत्माको पूजा हो।" उहाँका अनुसार नियमित योगले मुटु स्वस्थ्य भई यसको रोगबाट बच्न सकिन्छ।

चिल्लो, पिरो, बोसोयुक्त, भुटेको, मैदा जस्ता खाद्य पदार्थले रगतलाई खराब बनाउने भएकाले श्वासप्रश्वास गर्न र व्यायाम गर्न जान्नुपर्छ भन्ने उहाँको भनाइ छ। उहाँका अनुसार हिँड्दा मात्र पूरै शरीरको व्यायाम नहुने भएको दायाँबायाँ नै हुने गरी तीर्यक व्यायाम गर्नुपर्छ। पद्मासन मुटु र मिर्गौला बचाउने राम्रो उपाय हो। मस्तिष्कले पर्याप्त अक्सिजन(प्राणअग्नि) पाएन भने त्यसको भार मिर्गौलामा पर्छ।

"गलत खानपान, जीवनशैली र व्यायामरहितताले नै हामी रोगबाट पीडित भएका हौं, रोग लाग्न नदिनु नै बुद्धिमानी हो" उहाँले भन्नुभयो। उहाँका अनुसार कतिपय रोग बीजमन्त्रहरुले ठीक पार्छन्। हाम्रो फोक्सोमा भएको सात करोड ३० लाख थैलीमध्ये करीव दुई करोड मात्र खुलेका छन्। तिनलाई पनि खुलाउनुपर्छ। ॐध्वनि उच्चारण गर्दा हाम्रा प्रजनन र पाचन अङ्ग तथा मस्तिष्क खुल्छन्। अं, आं जस्ता १६ मन्त्रले थाइरायड ग्रन्थी खोल्छ। अ, आदेखि क, ख, ज्ञसम्मका अक्षरले ५० केन्द्र खुल्छन्। हाम्रा शिशु कक्षामा ऋ, ॠ, लृ, लॄ चार अक्षर पढाउन छाड्दा मस्तिष्कका चार यन्त्र बन्द भएका छन्। सासलाई स्वर बनाउन सकेमा शक्ति विकास हुन्छ।

विगत तेह्र वर्षदेखि शरीरमा पेसमेकर राख्नुभएका रामेछापका राजु घिसिङ तामाङ अहिले योग सिकाउनुहुन्छ। "योगमा गहिरिएँ, अक्युप्रेसर गरेँ, फाइदा भो, अहिले अरुलाई पनि सिकाउँदैछु," उहाँले भन्नुभयो। त्यस्तै मुटुको बाइपास सर्जरी गर्नुभएका अर्जुन राई बाबालाई चिकित्सकले १५ वर्ष आयु तोकेकामा थप ३२ वर्षसम्म अझै बाँचिरहनुभएको छ। उहाँ पनि नियमित योग र हिँडडुल गर्नुहुन्छ।

"हाम्रो शरीर शाकाहारी शरीर हो, बोसो, रातो मासुले मुटुलाई राम्रो गर्दैन, अण्डा पचाउन पनि निकै व्यायाम गर्नुपर्छ। हरियो तरकारी, फलफूल, सलाद अमृतसरह भएकाले प्रशस्त सेवन गर्नुपर्छ। महिलाले दैनिक १८०० र पुरुषले २२०० क्यालोरीभन्दा बढी खानुपर्छ। तनाव र चिन्तालाई छिनमै जान दिनुपर्छ, दोहोऱ्याइरहनुहुँदैन।" अरु केही नभए पनि आयु वृद्धि गराउन गहिरो र लामो सास तथा ध्यानमा ध्यान राख्न उहाँको सबैलाई सुझाव छ।

केन्द्रले जैविक खानाका लागि पनि जोड दिएको छ। नुवाकोट, पञ्चकन्यालाई जैविक ग्राम बनाउने अभियानमा संलग्न राम थापाले केन्द्रका लागि नुवाकोटका जैविक उत्पादन(चामल, बेसार, तरकारी आदि) जुटाइरहनुभएको छ। केन्द्रमा शुक्रबार आयोजित उद्घाटन कार्यक्रम ज्योतिषी ओजराज लोहनीले ज्योतिषशास्त्र वैज्ञानिक भएको बताउँदै दृढ भएर लागेमा मानिस सफल हुने विश्वास व्यक्त गर्नुभयो।

# कालो नुनका फाइदा



नेपाली बोलीचालीमा बीरे नुन भनिने कालो नुनलाई घरेलु औषधीको रुपमा प्रयोग गर्ने चलन पुरानै हो। पेट दुख्दा या ग्यास्ट्रिक हुँदा यसको प्रयोग गर्ने गरिएको छ। यसमा आइरन, सल्फ्युरसजस्ता कयौं खनिज पदार्थ पाइन्छ। यसमा सेतो नुनको तुलनामा सोडियमको मात्रा पनि कम हुन्छ। यसैले यसले शरीरमा सोडियमको स्तर बढाउँदैन। जानौं सिधै नुनका फाइदा :

**१.जोर्नी दुख्दा**

मांसपेशी र जोर्नी दुख्दा बीरे नुनले सेक्ने हो भने निको हुन्छ। यसका लागि एउटा कपडामा थोरै नुन बाँध्नुपर्छ। यसलाई तातो बनाएर दुखेको ठाउँमा दिनको दुईपटक सेक्ने हो भने तत्काल राहत मिल्छ।

**२. अपच हुँदा**

पेटका हरेक समस्यामा बीरे नुन अर्थात् कालो नुन लाभदायी हुन्छ। यसले मुखको ग्रन्थी सक्रिय बनाइदिन्छ। पेटमा हाइड्रोक्लोरिक एसिड र प्रोटीनलाई पचाउने इन्जाइम बढाउन मद्धत गर्छ। अपच, कब्जियत, एसिडीटीमा एक गिलास पानीमा कागतीको रससँगै यो नुन हालेर पिउनाले राहत मिल्छ।

**३. तौल घटाउन उपयोगी**

कालो नुनले तौल घटाउन पनि मद्धत गर्छ। शरीरमा पाचन प्रक्रिया ठीक हुन्छ भने खानामा भएको पोषक तत्व शरीरले राम्ररी लिन पाउछ। स्वादिलो हुने भएकाले यो नुन निरन्तर प्रयोग गर्न सकिन्छ। त्यसका लागि एक गिलास पानीमा एउटा कागती निचोरेर हाल्ने र स्वाद अनुसारको नुन मिसाउन सकिन्छ। यसले शरीरमा बोसो जम्मा हुन दिँदैन। गर्मीका बेला तिर्खा लाग्दा दिनको तीन चारपटक कालो नुन खान सकिन्छ।

**४. मधुमेहमा लाभकारी**

कालो नुनमा सोडियम कम हुन्छ। यसले ब्लड सुगरलाई नियन्त्रित गर्छ। यसैले मधुमेहका बिरामीका लागि कालो नुन उपयोगी हुन्छ। मधुमेह सुरुवाती अवस्थामा छ भने त कालो नुनको प्रयोगले ठीक पनि हुन सक्छ। सोडियम कम हुने भएकाले मुटु र मिर्गौला रोग लाग्ने सम्भावना पनि कम हुन्छ।

**५. भोक बढाउँछ**

कालो नुनको प्रयोगले भोक बढाउँछ। खाना सजिलै पच्छ। यसैले शरीरले उर्जालाई राम्रोसंग प्रयोगगर्न पाउँछ। यदि कम भोक लाग्ने समस्या छ भने कालो नुनमा सलाद, दही, मोही, कागतीपानी संगै प्रयोग गर्न सकिन्छ। यसबाट शरीर पनि स्वस्थ राख्न सकिन्छ र सोडियमको मात्रा पनि बढ्दैन।

## तपाईंको यो साता

**मेष** (चु,चे,चो,ला,लि,लु,ले,लो,अ): समय उत्तम खालको छ। शारिरीक एवं मानसिक सुखभोग गर्ने बेला आएको छ। सरकारी माध्यमबाट कुनै विशेष सम्मान प्राप्त हुन सक्छ।

**वृष** (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो): समय उत्तम खालको छ। व्यवहारिक क्षेत्रमा सफलता हात लाग्ने छ। नयाँ कार्यको शुभारम्भ होला। मन प्रशन्न बन्नेछ।

**मिथुन** (का,कि,कु,घ,ङ,छ,के,को,ह): लेखन प्रकाशन संग सम्बन्धित कार्यबाट आभ लिन सकिनेछ। राम्रो कामको शुभारम्भ होला। मन प्रशन्न रहला।

**कर्कट** (हि,हु,हे,हो,डा,डि,डु,डे,डो): आज खासै उपलब्धि मूलक समय छैन। नयाँ काम गर्छु भन्दा भन्दै समय बितेको ख्याल नहोला। सामाजिक कार्यमा सक्रिय भइएला।

**सिंह** (मा,मि,मु,मे,मो,टा,टि,टु,टे): शरिर केही आलस्य हुनेछ। खासै काम गर्ने सोच बन्ने देखिन्न। सोच विपरीत काम हुनाले मन निराश हुन सक्छ।

**कन्या** (टो,प,पी,पु,ष,ण,ठ,पे,पो): धार्मिक कार्यक्रममा सहभागी भइएला। सरकारी कामको जिम्मेवारी आइपर्ला शैक्षिक क्षेत्रको माध्यमबाट विदेश यात्रा होला।

**तुला** (रा,रि,रु,रे,रो,ता,ती,तु,ते): सामान्य समय छ। आजको लागि भन्दा भोलीको लागि राम्रो समय मान्न सकिन्छ। यात्राको लागि त्यति राम्रो समय देखिदैन।

**वृश्चिक** (तो,ना,नि,नु,ने,नो,या,यि,यु): चिन्ताको समय छ। एउटा न एउटा कामको पिरलो बनि रहनेछ। सानातिना समस्याबाट छुटकारा पाउन गाह्रो छ।

**धनु** (य,यो,भा,भी,भु,ध,फा,ढ,भे): बोली बिक्ने समय छ। गन्यमान्य भनेका व्यक्तिहरुले पनि तपाइको कुरा काट्ने सक्ने छैनन्। ढुक्क भएर काम गर्नु होला।

**मकर** (भो,जा,जी,जु,जे,जो,खा,खि,खु,खे,खो,गा,गी): शरिर केही आलस्य हुनेछ। खासै काम गर्ने सोच बन्ने देखिन्न। सोच विपरीत काम हुनाले मन निराश हुन सक्छ।

**कुम्भ** (गु,गे,गो,सा,सी,सु,से,सो,द): काम गर्ने जागर आउने छ। सानातिना समस्या आफै समाधान भएर जालान्। मानसिक चिन्ताबाट छुटकारा पाइनुहुनेछ।

**मीन** (दी,दू,थ,भ,ञ,दे,दो,च,ची): इष्टमित्रहरुसंग भेटघाटको समय छ। नया सपनाको संसार बनाउनेहरु देखि सजग रहनु होला।

# झापा विद्रोहदेखि पार्टी अध्यक्षसम्म

प्रथम पृष्ठबाट क्रमशः..

पटक २०७२ असोज २४ गते प्रधानमन्त्री बन्नुभएका अध्यक्ष ओलीले २०७३ साउन २० मा राजीनामा दिएका थिए। उहाँको यसअघिको कार्यकालमा उनीबाट छिमेकी चीनको औपचारिक भ्रमण भई यातायात र पारवहनलगायत द्विपक्षीय महत्वपूर्ण सम्झौता सम्पन्न भएको थियो। नेकपा (माओवादी केन्द्र)ले समर्थन छाडेपछि सत्ताबाट बाहिरिएका ओली अहिले माओवादी केन्द्रसँगको चुनावी तालमेल र त्यसपछि पार्टी एकता प्रक्रिया सँगसँगै केन्द्रकै समर्थनमा प्रधानमन्त्री भएका छन्।

नेता ओली पिता मोहनप्रसाद र आमा मधु ओलीको कोखबाट इवा–२, तेह्रथुममा २००८ साल फागुन ११ (सन् १९५२/०२/२३) मा जन्मिएका थिए। रणामती–६, झापामा बसाइँ सरेका उनी त्यहीँबाट सक्रिय राजनीतिमा होमिएका हुन्। उनी प्रतिनिधिसभा सदस्यको निर्वाचनमा झापा क्षेत्र नं ५ बाट निर्वाचित भएका थिए।

**झापा विद्रोहदेखि पार्टी अध्यक्षसम्म**

झापा विद्रोहकालीन नेता ओलीले लोकतन्त्र, दिगो शान्ति, सामाजिक सद्भाव र राष्ट्रिय एकताका निम्ति अविचलित अडान राख्दै आएका छन्। यसअघि मुलुकको उपप्रधानमन्त्री तथा गृहमन्त्री र परराष्ट्रमन्त्रीको जिम्मेवारी सम्हालिसकेका उनी राष्ट्रिय एकता र राष्ट्रियताका सवालमा निडर तथा खरो देखिएका छन्। उनी पछिल्लो समयमा पार्टीको आन्तरिक एकता सुदृढ बनाउँदै वाम तालमेल जुटाएर बहुमत हासिल गराउन सफल भएका छन्।

विसं २०७१ असार १९(२५ गते सम्पन्न एमालेको नवौँ राष्ट्रिय महाधिवेशनबाट पार्टी अध्यक्षमा माधवकुमार नेपालसँगको प्रतिष्पर्धामा अध्यक्ष भएका उनी २०७० माघ २१ मा भएको पार्टी संसदीय दलको निर्वाचनमा तत्कालीन अध्यक्ष झलनाथ खनाललाई पराजित गरी नेता निर्वाचित भएका थिए। संविधानसभाको दोस्रो निर्वाचनमा झापा क्षेत्र नं ७ बाट निर्वाचित उनी विसं २०४८ र २०५१ मा सम्पन्न निर्वाचनमा झापा क्षेत्र नं ६ बाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएको थिए भने २०५१ मङ्सिर १४ गते गठित नेपालको पहिलो कम्युनिष्ट सरकारमा गृहमन्त्री भए।

विसं २०५६ मा सम्पन्न आमनिर्वाचनमा झापा क्षेत्र नं २ र ६ बाट प्रतिनिधिसभामा निर्वाचित भई पार्टी संसदीय दलको उपनेता थिए। ओली २०६३ जेठमा गठित नेपाली काँग्रेसका सभापति गिरिजाप्रसाद कोइराला नेतृत्वको मन्त्रिपरिषद्मा उपप्रधानमन्त्री तथा परराष्ट्रमन्त्रीसमेत बनेका थिए। विसं २०७० मङ्सिरमा सम्पन्न संविधानसभा



निर्वाचनमा झापा क्षेत्र नं ७ बाट उनी संविधानसभा सदस्यमा निर्वाचित।

विसं २०२७ को झापा विद्रोहमा पार्टीभित्र हतियारबद्ध संघर्ष वा शान्तिपूर्ण संघर्ष गर्ने भन्ने बहसमा उनीले शान्तिपूर्ण आन्दोलनको माध्यमबाट नै परिवर्तन गर्न सकिन्छ भन्ने वैचारिक अडान राखे पनि पार्टीको निर्णय मानी सशस्त्र संघर्षमा होमिएका थिए। अन्ततः विसं २०४६ को वाम प्रजातान्त्रिक सहकार्यको शान्तिपूर्ण आन्दोलनबाट प्रजातन्त्रको पुनःस्थापना भयो, त्यसपछि पार्टीले पनि शान्तिपूर्ण रुपान्तरणको बाटो लियो। नेता ओलीले तत्कालीन महासचिव मदन भण्डारीबाट प्रस्तुत तथा एमालेको पाँचौं राष्ट्रिय महाधिवेशनबाट पारित 'जनताको बहुदलीय जनवाद' को सिद्धान्त र त्यसको कार्यक्रम निर्माणमा महत्वपूर्ण भूमिका निर्वाह गरे।

विसं २०२५ देखि तत्कालीन कम्युनिष्ट पार्टीसम्बद्ध विद्यार्थी फाँटको फचाक्सन कमिटीमा आबद्ध भई त्यसको नेतृत्व गरेका उनले २०२६ सालमा संगठित सदस्यता पाए भने मार्क्सवादी अध्ययन दलमा संगठित भए। विसं २०२६ मै तत्कालीन कम्युनिष्ट पार्टीको उपसचिवको जिम्मेवारीमा पुगेका उनी २०२७ वैशाखमा तत्कालीन नेपाल कम्युनिष्ट पार्टी र पूर्वकोशी प्रान्तीय कमिटीसँगको एकीकरण अभियानका अगुवा बने।

विसं २०४४ पुस २ गतेदेखि धादिङको स्यादुलमा बसेको तत्कालीन नेकपा (माले)को बैठकबाट केन्द्रीय कमिटी सदस्यको जिम्मेवारी बहन गरेका ओली २०४६ मा तत्कालीन नेकपा (माले) लुम्बिनी अञ्चल प्रमुखको जिम्मेवारीमा पुगे। विसं २०४७ जेठ १ गते तत्कालीन प्रजातान्त्रिक राष्ट्रिय युवा संघ, नेपालको संस्थापक अध्यक्ष बनेका ओली २०४९ देखि २०७१ असारसम्म नेकपा (एमाले) स्थायी कमिटी सदस्य रही पार्टीको प्रभावशाली नेता रहँदै आएका छन्।

**बन्दी जीवन**

विसं २०२८ वैशाखमा तत्कालीन पूर्वकोशी प्रान्तीय कमिटीबाट नेपाल कम्युनिष्ट पार्टी अलग भएपछि २०२९ सालमा तत्कालीन नेपाल कम्युनिष्ट पार्टी झापा आन्दोलन कमिटीको प्रमुखका रुपमा ओली अघि सरे। पञ्चायतविरोधी आन्दोलन र प्रजातन्त्र प्राप्तिका आन्दोलनमा उनी पटक पटक कारागार परे। पहिलो पटक उनी २०२७ फागुन १६ गते झापाबाट गिरफ्तारीमा परे र त्यसबीचमा १० पटकभन्दा बढी गिरफ्तार भए। उनको २०३० असोज २३ गतेदेखि लामो कारागार जीवन प्रारम्भ भयो। रौतहट गौर जेल, गौर थाना हुँदै वीरगञ्ज थाना र २०३० मङ्सिर ८ गते उनलाई भद्रगोल जेल काठमाडौँमा चलान गरियो। पछि केन्द्रीय कारागार, नख्खु कारागारमा बस्दै गर्दा २०३६ जेठमा कारागारमुक्त भए। पछि फेरि २०३७ मा गिरफ्तार भई २०४४ असार ११ मा भद्रगोल कारागारबाट रिहा भए। तत्कालीन राजा ज्ञानेन्द्रले २०५८ माघ १९ को कदमपछि उनले नजरबन्द पनि भोगे।

राजनीतिक आन्दोलन र कारागार जीवनका कारण औपचारिक अध्ययनमा पछाडि देखिए पनि ओलीको स्वाध्ययनले राजनीतिक जीवनलाई कमजोर बनाएको छैन। औपचारिक शैक्षिक योग्यतामा सामान्य अध्ययन गरेका ओली राजनीतिशास्त्रमा मानार्थ विद्यावारिधि प्राप्त हुन्। हाल अनन्तलिङ्गेश्वर–२, बालकोट भक्तपुरमा बस्दै आएका उनी मदन भण्डारी मेमोरियल फाउण्डेशनका संरक्षक छन्। उनले विश्वको डेढ दर्जनभन्दा बढी मुलुकको भ्रमण गरेका छन्।

# ओली सरकारको पहिलो निर्णय–'दुई वर्षभित्रै सबै स्थानीय तहमा प्राविधिक शिक्षालय'

काठमाडौं / सरकारले आगामी दुई वर्षभित्र सबै स्थानीय तहमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्(सिटिइभिटी)ले मान्यता दिएका प्राविधिक शिक्षालय स्थापना गर्ने भएको छ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबारमा विहीबार साँझ पदवहाली गर्दै प्रधानमन्त्री केपी शर्मा ओलीले नागरिकलाई प्राविधिक रुपमा दक्ष बनाउन र रोजगारीको अवसरसमेत सिर्जना गर्ने लक्ष्यका साथ सबै स्थानीय तहमा त्यस्तो शिक्षालय स्थापना गर्ने निर्णय गरेका हुन्। आफू पहिलो पटक प्रधानमन्त्रीमा निर्वाचित भएपछि देशभरकै तुइन हटाउने निर्णय गरेको र सो कार्यक्रम हाल कार्यान्वयनमा रहेको जानकारी दिँदै उनले यस पटक पनि 'केही नयाँ गरौँ' भन्ने लक्ष्यका साथ उक्त निर्णय गरिएको बताए।

प्रधानमन्त्रीले संघीय संसद् भवन निर्माणको प्रक्रिया आजैदेखि शुरु भएको जानकारी पनि दिए। 'सरकारले आगामी दुई वर्षभित्र संघीय व्यवस्थापिका–संसद्को भवन निर्माण गर्ने गरी आजैको मितिदेखि काम शुरु गरेको छ', प्रधानमन्त्रीले भने। अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रलाई तत्कालका लागि प्रयोग गरिए पनि त्यसलाई तिरिएको भाडाबाट अरु भवन बनिसक्ने अवस्था छ भन्दै प्रधानमन्त्रीले संसद् भवन निर्माणलाई विशेष प्राथमिकता दिइने र दुई वर्षभित्र कुनै पनि शर्तमा निर्माण सम्पन्न गरेरै छाडिने दृढता व्यक्त गरे।




समृद्ध र सुखी नेपाल निर्माण गर्नु सरकारको पहिलो कर्तव्य र दायित्व रहेको उल्लेख गर्दै प्रधानमन्त्रीले नेपाली जनताको चाहनाबमोजिम आर्थिक समृद्धिको अभियान नै सञ्चालन गरिने बताए। उनले सबल, जनमुखी र जनपक्षीय केन्द्रीय, प्रदेश र स्थानीय सरकार सञ्चालन गर्ने कानुनी शासनको प्रबन्ध तथा परिचालन, क्षमताको विकास कृषिको आधुनिकीकरण, यातायात, सञ्चार पूर्वाधार क्षेत्रको विकास गर्ने दृढ संकल्पित भएर लाग्ने बताए।

शिक्षा, स्वास्थ्य, खानेपानी जस्ता विकासका कामको प्रत्याभूति नेपाली जनतालाई हुने गरी काम गरिने जानकारी दिँदै प्रधानमन्त्री ओलीले पर्यटन तथा सेवा क्षेत्रको विकास, आन्तरिक तथा बाह्य लगानी वृद्धि, उद्योग व्यवसायलाई बढावा दिने लगानीमैत्री वातावरण सिर्जना, अर्थतन्त्रको सबै क्षेत्रलाई गतिशील बनाएर रोजगारीको अवसर सिर्जना र आर्थिक समृद्धि गर्ने लक्ष्यका साथ सरकारका अगाडि बढ्ने स्पष्ट पारे।

आमरुपमा रोजगारीका अवसर सिर्जना गर्ने, सामाजिक आर्थिक रुपमा समानता, न्याय, समानताको व्यावहारिक कार्यान्वयन गर्ने एवं शासकीय सुधार तथा भ्रष्टाचार नियन्त्रण गर्नेतर्फ सरकार कटिबद्ध भएर लाग्ने प्रधानमन्त्री ओलीको भनाइ छ। उनले कानुनको शासन, विधि र न्यायमा कुनै पनि भेदभाव नगरिने तथा राजनीतिक आस्था र विचारका आधारमा कोहीकसैलाई पनि विभेद नगरिने स्पष्ट गर्दै भने, 'सरकार सबैलाई समान व्यवहार गर्छ, कोही कसैलाई पनि तलमाथि, हुने, असमानता महसुस हुने काम गर्दैन तर भ्रष्टाचार, अनियमितता, कानुनविपरीत हुने कुनै पनि काममा सम्झौता गर्दैन। भ्रष्टाचारमा पूर्ण रुपमा शून्य सहनशीलताको व्यवहार गर्दछ।

# प्रदेश १ को मुख्यमन्त्री राईद्वारा शपथ



फत्तेपुर / प्रदेश नं १ का प्रदेश प्रमुख डा गोविन्दबहादुर तुम्बाहाङले विहीबार मुख्यमन्त्री शेरधन राईलाई पद तथा गोपनीयताको शपथ गराएका छन् ।

नेकपा (एमाले) प्रदेश नं १, संसदीय दलका नेता उहाँ भोजपुर जिल्लाबाट प्रदेशसभामा निर्वाचित हुनुभएको हो । राईको जन्म २०२७ साल फागुन महिना ११ गते भोजपुर आमचोक गाउँपालिका(३ मा भएको हो । पिता जागीरमान र माता राम्रीमायाका सुपुत्र उहाँले समाजशास्त्रमा स्नातकोत्तर गर्नुभएको छ । विद्यार्थीकालदेखि नै राजनीतिमा होमिनुभएका उहाँ २०४४ सालमा अनेरास्ववियूको सङ्गठित सदस्य हुँदै २०४९( २०५० सालमा अनेरास्ववियू, भोजपुर अध्यक्ष र २०५० र २०५३ मा केन्द्रीय सदस्य हुन ।

विसं २०४७ मा एमालेको सङ्गठित सदस्यता प्राप्त गरेपछि २०४९ मा एमाले भोजपुरका जिल्ला सदस्य, २०५१ मा दोस्रो जिल्ला अधिवेशनबाट सचिवालय सदस्य र २०५४ मा उपसचिव तथा २०५४ सालमा पार्टी विभाजन भएपछि एमालेको अध्यक्ष भएका थिए । विसं २०७० सम्म पार्टी जिल्ला अध्यक्ष रहेका उनी २०७० साल वैशाख २७ गते वैकल्पिक केन्द्रीय सदस्यमा मनोनीत भएपछि २०७१ सालमा केन्द्रीय सदस्यमा निर्वाचित भएका थिए । हाल उनी पार्टी पोलिटब्यूरो सदस्यका साथै प्रदेश नं १ को सहइन्चार्ज छन् ।

विसं २०५६ को आमनिर्वाचनमा उनी एमालेबाट भोजपुर क्षेत्र नं २ बाट निर्वाचित भए । उनन्तीस वर्षकै उमेरमा सांसद भएका कान्छा सांसद राई २०६२/२०६३ सालको ऐतिहासिक जनान्दोलनबाट पुनःस्थापित संसद्को सांसद भए । उनी विसं २०७० मंसिर ४ गते सम्पन्न दोस्रो संविधानसभा निर्वाचनमा भोजपुर क्षेत्र नं २ बाट निर्वाचित भई २०७१ मा व्यवस्थापिका-संसद,सुशासन तथा अनुगमन समितिका सभापति र केपी शर्मा ओलीको मन्त्रिमण्डलमा २०७२ कात्तिक १९ गते सूचना तथा सञ्चारमन्त्री भएका थिए ।

**प्रदेश नं १ मा पाँच सदस्यीय मन्त्रिमण्डल**

प्रदेश नं १ का मुख्यमन्त्री शेरधन राईले आज नेपालको संविधानको धारा १६८ को उपधारा ९ बमोजिम चार जना मन्त्रीलाई नियुक्त गरेका छन् ।

मुख्यमन्त्री राईले हिक्मत कार्कीलाई आन्तरिक मामिला तथा कानून, इन्द्रबहादुर आङ्बुहाङलाई आर्थिक मामिला तथा योजना, जीवन घिमिरेलाई सामाजिक विकास र जगदीश कुशियैतलाई उद्योग, पर्यटन, वन तथा वातावरणमन्त्रीमा नियुक्त गरेका छन् । मुख्यमन्त्री राईले भौतिक तथा पूर्वाधार, भूमि व्यवस्था र कृषि तथा सहकारी मन्त्रालय आफैँसँग राखेका छन् ।


## खुशीको खवर ! खुशीको खवर !!

### अनुकुल पोलिक्लिनिक

तपाईको बजार फत्तेपुरमा अनुकुल पोलि क्लिनिकले विविन्न स्वास्थ्य उपचार सेवा प्रदान गदैआएको जानकारी गराईन्छ । विशिष्ट चिकित्सकहरुद्वारा स्वास्थ्य परिक्षण हुने र निम्न अनुसारको सेवा उपलब्द हुने भएकाले मौकाको फाईदा लिनु हुन सर्वसाधारणलाई जानकारी गराईन्छ ।

**हाम्रो सेवाहरु**

OPD, LAB, Ambulance, X-Ray, USG, Video X-Ray, Pharmacy, Oxygen & Neublizer सेवा २४ सैं घण्टा उपलब्द छ ।

**सम्पर्क स्थान**

**N/C/ Bose (बंगाली निज निवास) त्रियूगा पुल नजिक**
**सप्तकोशी नगरपालिका फोन नं. ०३१-५५०१६२, ९७४३०२५७१२, ९८०७७५५४५३**

**नोटः आर्युबेदिक डाक्टरद्वारा वबासीर, हाइड्रोसिलको अपरेसन विना चिरफारको ग्यारेन्टीका साथ गरिन्छ ।**



## बेलका नगरपालिकाको अनुरोध

– नगरलाई सदासर्वदा सफासुग्घर राखौं ।
– व्यक्तिगत घट्ना दर्ता, जन्म, मृत्यु, विवहा रबसाई सराईजस्ता विषयको आफ्नो वडा कार्यलयमा गई दर्ता गरौं ।
-बेलका नगरलाई स्वच्छ , प्रदुषण रहित सफा शहर वनाउन आफनो घरवाट उत्पादन हुने फोहोर आफै तह लगाऔ , कुहिने फोहोरवाट कम्पोष्ट मल वनाऊ ।
– आफनो घर अगाडि ,पछाडिको खाली जग्गामा फूलवारी वनाऔ साथै वोट विरुवा रोपौ ।
– घर नक्सा इजाजत लिएर मात्र घर निर्माण गरौं
– नगरपालिकालाई वुझाउनु पर्ने सवै किसिमका करहरु समयमै वुझाई नगरको विकासमा सहयोग पुऱ्याऔ ।
– आफना चौपायहरु जथाभावी छाडा नछाडौ ।
– अशुरक्षित खाद्य पदार्थ सेवन नगरौ साथै विक्री वितरण समेत नगरौ ।
– सार्वजनिक सम्पत्तिहरुको सवै मिलेर संरक्षण गरौं ।
-धुमपान, मध्यपान नगरौ, रोगबाट बचौ ।
– सभ्य नागरिक वनौ , वन्न सिकाऔ र सभ्य नगरपालिका वनाऔं ।

**बेलका नगरपालिकाको कार्यालय,**
**१ नं. प्रदेश, उदयपुर**



## सुलभ इलेक्ट्रोनिक्स सामन माता मनकामनामा

अब तपाई हाम्रो बजार फत्तेपुर मा सामसुङ ,हिमस्टार कम्पनी का टिभि, फ्रीज,LED, सिएफएल बल्बहरु होलसेल मूल्यमा पाउनुका साथै EXIDE कम्पनीका सम्पुर्ण ब्याट्री ,इन्भटर ,सोलार प्यानल,मोटरसाइकल,गाडी आदिका ब्याट्री तथा ब्याट्रीमा लगाउने पानी सुलभ मुल्यमा पाउने हुने छ । मौकाको फाईदा




**प्रो.केदार श्रेष्ठ**
**माता मनकामना इन्टरप्राइजेज**
**सप्तकोसी नपा-१, फत्तेपुर**
**०३१-५५०१०६,**
**९८०७७७३८९१,**

IME सेवाः यहाँ विश्वको जुनसुकै देशबाट पठाइएको रकम तुरुन्त पाउनुका साथै पठाइन्छ पनि ।



## सम्पुर्ण इलेक्ट्रोनिक्स सामनहरू एकै

अब तपाई हाम्रो बजार फत्तेपुरमा छिन्नमस्ता सौर्य उर्जा ट्रेडर्स टपसन कम्पनीका सामानहरु LED बल्ब, सिएफएल बल्बहरु होलसेल मूल्यमा पाउनुका साथै EXIDE ,volta कम्पनीका सम्पुर्ण ब्याट्री ,इन्भटर ,सोलार प्यानल,मोटरसाइकल,गाडी आदिका ब्याट्री तथा ब्याट्रीमा

**प्रो बिमल कुमार झा**
**छिन्नमस्ता सौर्य उर्जा ट्रेडर्स सप्तकोसी नगरपालिका १फत्तेपुर हटिया छिर्ने बाटो**



## सम्पुर्ण बिजुलीका सामान विन्दबासिनीमा

अव तपाईहरुको बजार फत्तेपुरमा सम्पूर्ण बिजुलीका सामानहरु एकै ठाउँमा सस्तो र सुलभ मूल्यमा पाउनुका साथै घर वाईरिङसमेत सुलभ दरमा

**सम्पर्क :**
**विन्दबासिनी ईलेक्ट्रीक एण्ड ट्रेडर्स**
**सप्तकोशी नगरपालिका फत्तेपुर-१, सप्तरी भगवती मन्दिर**
**पूर्व फोन ०३१(५५०१०६,९८०७७७३८९१,९८५२८२१२९१**






Complete Mobile & Computer Concern



extra easy zone for excellent service in electrics, education & entertainment



Saptakoshi Nagarpalika 1, Fattepur, Saptari
031-550014, 3dezone@gmail.com